प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९

च.नं.:

सूचना प्रथम पटक प्रकाशित मिति २०७८।०७।०४

**विषयः प्रस्तावना पेश गर्ने बारे**

यस निर्देशनालयको आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम अनुसार बिभिन्न शैक्षिक संस्थाहरुलाइ शैक्षिक पहुँच तथा गुणस्तर सुधार प्रयोजनका लागि पूर्वाधार निर्माण तथा अन्य शैक्षिक कार्यक्रम उपलब्ध गराउने कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुका लागि निम्न लिखित पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रम सञ्चालन गर्न चाहने यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले निम्न लिखित कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। एक भन्दा बढी कार्यक्रम माग गर्ने विद्यालयले अलग-अलग प्रस्ताव पेश गर्नुपर्ने छ ।म्याद नाघि आएका प्रस्ताव ग्राह्य हुने छैन ।

**कार्यक्रमहरु**

१. सामुदायिक विद्यालयहरुमा कक्षा कोठा निर्माण।
२. सामुदायिक विद्यालयहरुमा शौचालय निर्माण।
३. सामुदायिक विद्यालयहरुमा कम्पाउण्डवाल निर्माण।

(पुनश्चः प्रस्तावको ढाँचा यस निर्देशनालयको वेबसाइट eddmos.p5.gov.np बाट डाउनलोड गर्न सकिने छ )

**निवेदन सहित संलग्न गर्नु पर्ने कागजातहरु**

१. प्रस्तावना पत्र
२. वि.ब्य.स. अध्यक्ष र प्रधानाध्यापकबाट प्रमाणित अध्यावधिक विद्यालय सुधार योजना
३. विद्यालय ब्यवस्थापन समितिको बैठकको प्रमाणित निर्णय प्रतिलिपि
४. आ व २०७६/७७ को लेखा परीक्षण प्रतिवेदन
५. आ व २०७७।७८ को सामाजिक परीक्षण प्रतिवेदन
६. २०७८ सालको कक्षागत विद्यार्थी सहितको एकिकृत तथ्याङ्कको प्रतिलिपि
७. वि.ब्य.स. गठन भएको आधिकारिक निर्णय प्रतिलिपि

(पुनश्चः वि.ब्य.स. गठन नभएको र २०७८ सालको तथ्याङ्क अध्यावधिक नगरेका विद्यालयहरुलाइ कार्यक्रममा समावेश गरिने छैन)

( मनोज कुमार गैरे )

नि. निर्देशक

**बोधार्थ**

श्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ ।

श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु /पाल्पा /प्युठान /दाङ्ग/बाँके : उल्लेखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गर्नुहुनका साथै विद्यालयबाट बिधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राख्नु हुन।